स्थानीय सरकार
घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स :
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

पत्र संख्या :०८३/०८४

चलानी न. ११२२८

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

मिति २०८३/०६/०२

विषय : सूचना तथा जानकारी सम्वन्धमा ।

श्री वडा कार्यालयहरु (१ देखि १९) सवै

उपर्युक्त सम्बन्धमा सार्वजनिक खरिद ऐन २०६३ को दोश्रो संसोधन (२०८३) र सार्वजनिक खरिद नियमावली २०६४ को सोह्रौ संसोधन (२०८३) नेपाल सरकार वाट स्वीकृत भइ लागु भैसकेको व्यहोरा सम्पुर्णमा अवगत नै छ । सो सम्वन्धमा सार्वजनिक खरिद (सोह्रौ संसोधन) नियमावली २०८३, को नियम (९७) को उपनियम (१) बमोजिम प्रचलित कानुन अनुसार दर्ता भएको उपभोक्ता समिति बाट गराउने व्यवस्था भएकोले उक्त संसोधित व्यवस्था अनुसार प्रचलित कानुन अनुसार उपभोक्ता समिति दर्ता गरी निर्माण कार्यगर्न जानकारीका लागि पत्राचार गरिएको छ । उक्त नियमावलीको नियम (९७) को उपनियम (१) को प्रतिलिपि समेत यसै पत्रासाथ संलग्न गरि पठाइएको व्यहोरा समेत अनुरोध छ ।

२०८३/०६/०२

२०८३/०६/०२
ई. ओम जि.एम.
पदाधार विकास महाशाखा प्रमुख

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नै वर्कशप वा मर्मत केन्द्र भएको निकायले मर्मत कार्य अभिलेख फाराममा (जब कार्ड) रेकर्ड राखी मर्मत पश्चात् लागत स्वीकृत गर्न सक्नेछ।

९७. <u>उपभोक्ता समिति ८.....बाट काम गराउने कार्यविधिः</u> *(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको ¥<u>प्रचलित कानूनबमोजिम दर्ता भएको</u> उपभोक्ता समिति ८.....बाट गराउन वा प्राप्त गर्न सकिनेछ।

¤(१क) उपनियम (१) मा उल्लिखित ¤¤<u>करोड रुपैयाँसम्मको</u> लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुनेछ।

(२) उपनियम (१) को प्रयोजनको लागि सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति ८.....ले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति }..... आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति ८.....ले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति ८.....ले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि,

---

८ एघारौं संशोधनद्वारा झिकिएको।
* छैठौं संशोधनद्वारा संशोधित।
¥ सोह्रौं संशोधनद्वारा संशोधित।
¤ तेस्रो संशोधनद्वारा थप।
¤¤ पाँचौं संशोधनद्वारा संशोधित।
} बाह्रौं संशोधनद्वारा झिकिएको।